# डुडुवा गाउँपालिकाको सातौँ गाउँसभामा प्रस्तुत

## आ.ब. २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम **र बजेट**

मिति:- २०७७/३/१०

यस सम्मानित गाउँसभाका उपाध्यक्षज्यु,

गाउँसभाका सदस्यज्यूहरु,

यस गाउँ सभाका सचिवज्यू

आमन्त्रित पर्यवेक्षक एवं सल्लाहकारज्यूहरु

अतिथी एवं कर्मचारी मित्रहरुलाई डुडुवा गाउँपालिकाको यस सातौं ऐतिहासिक तथा गरिमामय गाउँसभामा उपस्थित हुनु भएको सबैमा हार्दिक स्वागत गर्दछु र यहाँहरुको उपस्थितीका लागी हार्दिक धन्यवाद प्रकट पनि गर्दछु ।

अहिलेहाम्रो डुडुवा गाउँपालिका सहित सम्पूर्ण देश र विश्व नै कोराना भाइरस (कोभिड -१९) महामारीको चपेटामा परिरहेको एकदमै असहज, कठिन र समवेदनशील घडीमा आज म यस डुडुवा गाउँपालिकाको सातौँ गाउँ सभामा आगामी आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँ उभीएको छु।

सर्वप्रथम नेपालको लोकतन्त्र, सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। नेपाली जनताको संघर्ष र बलिदानीबाट प्राप्त उपलब्धी र नेपालको संविधानले प्रत्याभूत गरेका जनताको मौलिक हक, गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा र अधिकारहरुको ब्यबहारिक कार्यान्वयन हुन सकेमात्र जनतामा वास्तविक संघीय लोकतन्त्रको अनुभूतिहुने विषयलाई हृदयंगम गर्दै जनतामा वास्तविक परिवर्तनको महसुस र अनुभूति दिलाउन शुरुवातका दिन देखि हामीलेआजसम्म निरन्तर जनतालाइ केन्द्रमा राखेर विभिन्न योजना तथा कार्यक्रमहरु अगाडी बढाउदै आइरहेका छौं। निर्वाचनको बेला जनताको घरदैलोमा जाँदा हामीले जनतामाझ यस्तै वाचाहरु पनि गरेका थियौं । जनताको विकास चाहना र हामीले गरेका वाचा एवं संकल्पहरुबाट भाग्ने छुट हामी कसैलाई पनिछैन । जनताको घरछेउको सरकारको रुपमा रहेको स्थानीय तहका हामी जनप्रतिनिधीहरुको काँध मथि ठुलो जिम्मेवारी आइपुगेको छ । जनताका ति ईच्छा र आकांक्षाहरु पुरा गर्नु मैले हाम्रो प्रमुख दायित्व एवम कर्तब्य ठानेको छु ।

अहिले हामी कसैले पनि कल्पना नगरेको मानव विनासकारी कोरोना भाइरस (कोभिड -१९) को महामारीसंग जुधिरहेका छौं । नेपाल सहित सारा विश्वमा नै यसले ठुलो संकट पैदा गरिदिएको छ । हाम्रो गाउँपालिका पनि यसको चपेटामा परेको छ । सिमित साधन, स्रोत र जनशक्तिबाट यस जटिल महामारी संग लड्न सकेसम्म कुनै कसर बाँकी राखेको छैन । यो विषम परिस्थितिमा सबै साधन, स्रोत र जनशक्तिको परिचालन गरेको छु । यस कार्यमा सहयोग पुर्याउनु हुने सबै जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

कोरोना भाइरसबाट हाम्रो गाउँपालिका, हाम्रो प्रदेश र हाम्रो देश मात्र प्रभावित भएन, सारा विश्व नै आक्रान्त बनिरहेको अवस्थामा छिमेकी मुलुक भारतमा कामकाज र रोजगारीका लागि गएका हाम्रा दाजुभाई तथा दिदिबहिनिहरु सीमामा अलपत्र परिरहेको अवस्थामा हामीले उद्दार गरि खाना-पानि लगायत सबै व्यवस्था सहित सुरक्षित रुपमा तत्काल क्वारेन्टिनमा राख्ने व्यवस्था मिलायौं । चेकजांच गरि पोजेटिभ भेटिएका दाजुभाई तथा दिदीबहिनीहरुलाई तत्काल आइसोलेशनको व्यवस्था गरि राख्ने काम हामीले गर्यौं । खुशीको कुरा अहिले सबै निको भएर आइसोलेशन बाट घर फर्किसकेको अवस्था छ ।

कोरोनाको यस संकटकालिन अवस्थामा हामीले, कोरोना संक्रमण फैलिनबाट रोक्न सरकारले लामो समय देखि जारी राखेको लकडाउनका कारण रोजगारी गुमाउन पुगेका मजदुर र गरिब घरपरिवारका सदस्यहरुलाई राहत वितरण गर्ने काम, एकल महिला, दलित, अपांग, बालबालिका र वृद्ध वृद्धालाइ उनीहरुकै घरदैलोमा पुगेर सामाजिक सुरक्षा वापतको भत्ता रकम वितरण गर्ने काम, त्यसैगरी प्रत्येक घरपरिवारमा पुगेर साबुन र मास्क वितरण सहित स्वास्थ्य सचेतना दिने काम लगायतका कामहरु यसबीचमा हामीले गर्यौं ।

कोरोना भाइरस महामारीको सम्भावित जोखिमको पूर्वानुमान र तयारिमा हामीले कुनै ढिलाई गरेनौं । बरु यसमा हामी अरु भन्दा अगाडिनै रहयौं । बजारमा मास्क र सेनिटैजर जस्ता अत्यावश्यक स्वास्थ्य सामग्री र खाधान्नको समेत अभाव भैरहेको बेला हामीले समयमै जनतालाई घरघरमा मस्क र साबुन वितरण गर्न सफल भयौं । र अरुले भन्दा सस्तोमा ति सामग्री र राहतका लागि खाधान्न वितरण गर्न हामि सफल भयौं । यो महामारीको सम्भावित जोखिमको पूर्वानुमान र तयारीमा ढिलाई गरेको भए स्थिति काबु भन्दा बाहिर जाने र एकदमै जटिल स्थिति आइलाग्ने सम्भावना थियो । तर हामीले मिति २०७६ फागुन २१ गते नै विधेयक अधिवेशनको समयमै यसबारे छलफल र नीति निर्माणको तयारि अगाडी बढाइसकेका थियौं । बेलैमा सुझबुझ गर्ने र परिस्थितिको सम्भावित आंकलन गर्नमा सहयोग पुर्याउने कर्मचारी मित्रहरुलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु ।

हामीले तत्कालै आकस्मिक कोष स्थापना गरि बजेट व्यवस्था गर्यौं ।त्यसैगरी कोरोना भाइरस (कोभिड -१९ ) रोकथाम तथा नियन्त्रण कार्यविधि बनाइ तत्काल हामीले व्यवस्थित रुपमा कार्य अगाडी बढायौं ।

जसका कारण आपतकालीन अवस्थामा पनि हामि व्यवस्थित रुपमा कार्य अगाडी बढाउन सफल भयौं। संकटको यस घडीमा सबैको साथ, सहयोग, एक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशावादिताको खाँचो छ। सबैबाट मैले यहि अपेक्षा राखेको छु।

कोरोना रोकथाम र नियन्त्रणका लागि स्थापित आकष्मिक कोषमा करिब ७ लाख भन्दा बढी रकम जम्मा गर्ने डुडुवा गाउँपालिकाका सम्पूर्ण कर्मचारी र शिक्षकहरुलाइ म विशेष धन्यवाद दिन चाहन्छु। त्यसैगरी यस गाउँपालिकालाइ कार्य क्षेत्र बनाएर काम गर्ने सम्पूर्ण गैरसरकारी संघ संस्थाहरु जसले ११ /११ हजारका दरले यस गाउँपालिकाको आकस्मिक कोषमा रकम जम्मा गर्नु भयो उहाँहरु सहित व्यक्तिगत एवं संस्थागत रुपमा कोषमा रकम जम्मा गरि सहयोग पुर्याउने अन्य सबैलाई र संकटको यस घडीमा हाम्रो गाउँपालिकालाई राहत उपलब्ध गराउने व्यक्ति एवं संस्थाहरुलाई समेतम हार्दिक धन्यवाद दिन चाहन्छु।

यद्यपि कोरोनाको संकटबाट हामीले पार पाइसकेका छैनौं। यस संगको हाम्रो लडाईं जारी नै छ। फेरी पनि हामि यसैगरी एकताबद्ध भएर अगाडी बढ्नुको विकल्प पनि छैन।

परिस्थितिमा जे - जस्तो बदलाव आएपनि जनताको दैनिक जनजीविकाको सवाललाइ हामीले सम्बोधन गर्न र सोहि अनुरुप अगाडी बढ्नु पर्ने जरुरि हुन्छ। त्यसैको प्रतिबिम्ब हो, आजको गाउँसभा।

संघ, प्रदेश र स्थानीय गरि तीन तहको शासकीय ब्यबस्था रहेको लोकतान्त्रिक गणतन्त्रात्मक नेपालका मुल आधार स्तम्भ भनेकै स्थानीय तहहरु हुन् । जुन कुरा अहिलेको विषम परिस्थितिको सामना गर्न र जनताको जिउ ज्यानको रक्षा गर्न स्थानीयतहहरुले खेलेको भूमिकाले पनि स्पष्ट पारेको छ। स्थानीय तहको निर्वाचन पश्चात हामीले काम गर्न थालेको तीन वर्षको यो छोटो अवधिमा आम जनताले प्रत्यक्ष अनुभूति गर्ने र जनतालाई प्रत्यक्ष लाभ पुग्ने कामको थालनी गरिसकेको कुरा यो सम्मानित गाउँसभामा जानकारी गराउन पाउँदा मैले हर्षको अनुभूति गरेको छु । हाम्रो पहिलो प्रयास र प्रथम गाउँसभाबाट पारित निति तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलाले जनतामा अत्यन्त सकारात्मक र उत्साहजनक प्रभाव परेको र दुखि, गरिब, विपन्न जनताको मुहारमा आएको खुशीले हामीलाई काम गर्न थप प्रेरित गरेको छ ।

घर दैलोमै जनतालाई सेवा सुविधा पुचाउने कुरा व्यवस्थापनको हिसावले त्यति सहज भने पक्कै थिएन । हामी सबैको सहकार्य र सहयोगबाट यो सबै सम्भव भएको हो । यस कार्यमा सहयोग पुचाउनु हुने सम्पूर्ण सहयात्री जनप्रतिनिधि र कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जनतालाई घरदैलोमा सेवा सुविधा पुचाउने हाम्रा अभियानहरु "***घरघरमा स्वास्थ्य***", ***घरघरमा SEE*** " , "***घरदैलोमा पशु सेवा तथा उपचार***"र गत आ.व. मा प्रस्ताव गरि यस आ.व. देखि कार्यान्वयन शुरु गरिएको "***कन्या मुद्दती शिक्षा योजना***"जस्ता जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरुलाई आगामी आ. ब. मा पनि निरन्तरता दिइने छ । गाउँपालिकाको आफ्नै भवन नहुँदा व्यवस्थित र सहज रुपमा कार्य सम्पादन गर्न हामीले कठिनाइ भोग्दै आइरहेकोमा यसै आर्थिक बर्ष देखि आधुनिक र सुविधा सम्पन्न गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको लागि ठेक्का सम्झौता पश्चात शिलान्यास समेत भै कार्य आरम्भ भैसकेको कुरा यो सम्मानित गाउँसभा समक्ष राख्न चाहन्छु I यो योजनालाई बजेट कमि हुन नदिने र समयमै कार्य सम्पन्न गर्ने कुरामा कुनै पनि कुराको ढिला सुस्ती हुन दिइने छैन I साथै वडा कार्यालयको प्रशासनिक भवन निर्माणलाई पनि क्रमश सम्पन्न गर्ने गरी हाल वडा नं ५ को वडा कार्यालय भवन निर्माणको लागी आवश्यक वजेट ब्यवस्थापन गरेको छु । साथै आगाी आर्थिक वर्षवाट जेष्ठ नागरीक स्वस्थ नागरीक को मूल नाराका साथ ८० वर्ष माथिका सवै जेष्ठ नागरीकहरुको दक्ष स्वास्थ्य कर्मी परिचालन गरी निशूल्क स्वास्थ्य परिक्षण, उपचार तथा स्वास्थ्य परामर्शको लागी आवश्यक बजेट विनियोजन गरेको छु । यसवाट हाम्रा जेष्ठ नागरीक हरुको सूस्वास्थ्य र दीर्घजीवनमा टेवा पुग्नेछ भन्ने आशा लिएको छु ।
त्यसैगरी विपद व्यवस्थापनलाइ पहिलो प्राथमिकतामा राख्दै आवश्यक बजेट विनियोजनको व्यवस्था गरेको छु Iपूर्वाधार विकास र मानव विकासका सबै सूचकांकहरुमा पछी परेको यस डुडुवा गाउँपालिकाको भौतिक पूर्वाधार विकास र सामाजिक विकासमा फड्को मार्न यी क्षेत्रहरुमा उल्लेख्य बजेट बिनियोजन गरेको छु Iत्यसैगरीकोरोना भाइरस ( कोभिड - १९) रोकथाम, नियन्त्रण र सचेतनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु I

नेपालको संविधान- २०७२ अनुसार स्थानीय तहलाई प्राप्त अधिकार र स्थानीय सरकार संचालन ऐन - २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकारको यथासम्भव कार्यान्वयन गरि जनताको आफ्नो र नजिकको सरकारको अनुभूति दिलाउन डुडुवा गाउँपालिकाले आफ्नो स्थापनाकाल देखि या यसको गठन भएदेखि नै केहि नविन र जनतालाई प्रत्यक्ष लाभ पुग्ने, जनताको आम्दानि र रोजगारी बढाउने, जनताको स्वास्थ्य, शिक्षा, राहत, पुनर्स्थापना जस्ता आधारभूत एवं अपरिहार्य आवश्यकताको सम्बोधन हुने गरि जनतामाझ लोकप्रिय र उदाहरणीय कार्यहरुको शुरुवात हामीलेगर्दै आइरहेका छौं I

हाम्रा यी कार्यक्रमहरुबाट जनतामा आशाको संचार र जनप्रतिनिधि प्रति भरोसा पैदा गरेको छ भन्ने मैले विश्वास लिएको छु I सेवा प्रवाहका माध्यमबाट जनताको विश्वास र भरोसा जित्न सक्नु मै हाम्रो सफलता निर्भर रहेको हुन्छ भन्ने मलाइ लाग्दछ I जनतालाई केन्द्रविन्दुमा राखेर हामीले संचालन गरेका विकास

कार्यक्रमहरुबाट जनतामा पलाएको आशा र उत्साहलाइ थप उचाइमा पुर्याउनु हामि सबैको साझा दायित्व हो भन्ने मेरो ठम्याई रहेको छ । जनतालाई प्रत्यक्ष सेवा र सुविधा पुर्याउने सन्दर्भमा "गाउँ गाउँमा सिंहदरबार" भन्ने नारालाई मुर्तरुप दिन हामीले भगिरथ प्रयत्न गरिरहेका छौं भन्ने मलाइ लाग्दछ ।

यद्यपी सिमित साधन, श्रोत र असिमित जनचाहना एवं आवश्यकताका बीच अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ नभएको भने होइन । जनतामाझ हामीले गरेका प्रतिवद्धता र जनताका आकांक्षाहरुको सम्बोधन गर्न हाम्रो साधन र श्रोतको परिचालनबाट मात्र सम्भव नभएको हुँदा प्रदेश सरकार, संघीय सरकार लगायत अन्य निकायहरुसंग पनि हामीले माग र प्रस्तावहरु पेश गर्ने, लबिंग गर्ने, डेलिगेसन जाने लगायतको पहल र पैरवी गरिरहेको जानकारी पनि यो सम्मानित गाउँसभालाइ गराउन चाहन्छु । सुखि र समृद्ध डुडुवा बनाउने ध्येय अनुसार हामी अघि बढिरहेको छौं । यस कार्यमा सबैको सहयोग र सहकार्यको अपेक्षा मैले गरेको छु ।

हाम्रा प्रमुख आवश्यकताहरु सडक, व्यवस्थित ढल तथा नाली निर्माण, व्यवसायिक कृषि, व्यवस्थित कृषि वजार, पार्क, पर्यटन क्षेत्र, मनोरन्जनस्थल, औद्योगिक क्षेत्रको पहिचान, वडा देखि गाउँपालिका र गाउँपालिका देखि जिल्ला सदरमुकाम सम्म यातायातको सहज पहुँचको ब्यवस्था, पारदर्शी र सेवाग्राहीमैत्री प्रशासन, संगठन तथा व्यवस्थापन ढाँचा निर्माण, नविकरणीय उर्जाको प्रयोग, बाताबरण मैत्री एवं ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण, व्यावसायिक केन्द्र, खुल्ला क्षेत्र, बातावरण, स्वच्छ खानेपानी, पूर्ण सरसफाई, सार्वजनिक तथा व्यक्तिगत शौचालय, पूर्ण खोपको सुनिश्चितता, सुविधा सम्पन्न अस्पताल, सुचना र प्रविधिमा सबैको सहज पहुँच, शुसासन र भ्रष्टाचार मुक्त समाज निर्माण लगायत सुखी र सम्बृद्ध डुडुवा गाउँपालिका हाम्रो प्रमुख आवश्यकता र चुनौती दुबै विषय हुन । यस ऐतिहासिक गाउँसभा मार्फत खाली भासण र आस्वासनलेमात्र हैन, योजनासम्मत विकासको दृष्टिकोणले मात्र जनताको मुहारमा खुसी ल्याउने कुरामा विश्वस्त रहँदै डुडुवा गाउँपालिकालाई विकसित, व्यवस्थित, सुविधायुक्त र सम्वृद्ध बनाउने दृढ लक्ष्य लिएको छु ।

यी सबै विषयहरु एक वर्ष र एकैपटकको प्रयास र योजनाले सम्पन्न हुन सक्दैनन् भन्ने विषयमा मभलिभाँती जानकार छु, र सचेत पनि छु। तर निरन्तरको प्रयास, पहल र प्रयत्नबाट यि सबै चुनौतीहरुको सामना गर्न हामी सक्षम हुनेछौं भन्नेपनि मेरो गहिरो आत्मविश्वास रहेको छ ।
विकासका सबै पक्षबाट पछि परेको डुडुवा गाउँपाकिालाइ नमुना गाउँपालिका बनाउन आपसी विवाद, राजनीतिक आग्रह/पूर्वाग्रह एवं झिनामसिना कुराहरुबाट माथि उठेर समग्र गाउँपालिकाको उन्नती र प्रगतिका लागि अघि बढ्नु पर्ने आवश्यकता रहेको छ । शंका, आशंका र प्रतिशोधको

भावनाले कसैलाइ पनि फाइदा पुऱ्याउँदैन । बरु त्यसले आफैलाई नोक्सानी पुचाउने र समाज झन् पछि धकेलिने हुनाले त्यसको दुश्चक्रबाट निस्कनु जरुरी छ । हामी सबैको हातेमालोबाट मात्र डुडुवाको विद्यमान अवस्थामा परिर्वतन सम्भव छ । जनताको शिक्षा, स्वास्थ्य जस्ता सेवा र विकासमा बाधा ब्यबधान पुचाउने कार्यलाई जनताले नै प्रतिरोध गर्ने हुनाले त्यस्तो कार्य कसैबाट पनि हुने छैन भन्ने मैले अपेक्षा गरेको छु । डुडुवा गाउँपालिकाको समग्र बिकास र प्रगतिका लागि परम्परागत सोच र मान्यताबाट माथि उठ्न यस अवसरमा म सबै जिम्मेवार र सचेत वर्गमा हार्दिक आह्वान गर्दछु ।

जनताका दैनिक क्रियाकलाप र त्यससँग जोडिने हरेक समस्याको समाधानको पहिलो गन्तव्य स्थानीय तह नै हो भन्ने मान्यतालाई आत्मसात गर्दै वास्तविकतामा आधारित भएर समग्र डुडुवा गाउँपालिकाका जनताको आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, साँस्कृतिक, राजनीतिक विकासको लागि निरन्तर क्रियाशील रहीरहने र लडिरहने कुरा यस अवसरमा म प्रण गर्दछु ।
नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए सँगै हामी संघीयता अनुरुपको स्थानीय सरकारको नयाँ संरचना र प्रयोगमा छौं । संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको बर्तमान अवस्थामा प्राप्त अधिकारहरुको सक्षमतापूर्वक कार्यान्वयन गर्ने र निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमशः कार्यान्वयन गर्दै जाने गरी गाँउपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माण गर्नुपर्ने दायित्व र जिम्मेबारीलाई आत्मसात गर्दै आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**सर्वप्रथम म गाउँपालिकाले आगामी आव २०७७।०७८ को लागि योजना तथा कार्यक्रम छनौट गर्दा लिइएका आधारहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।**

१, नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक शिद्धान्त नितिहरु, राष्टिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र ५ नं. प्रदेश सरकारबाट आगामी आ.ब.का लागि प्राप्त भएको मार्गदर्शन तथा बजेट सिलिङ र स्थानीय सरकार सञ्चालन ऐन - २०७४, गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली - २०७४, डुडुवा गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली - २०७४, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत विषयगत समितिहरुको सल्लाह, सुझाव र सिफारिसहरुलाई मुख्य आधारको रुपमा लिएको छु ।

२ योजना छनौट र बजेटको विनियोजन गर्दा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रम र लक्षित समूह विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिईएको छ ।

३, डुडुवा गाउँ पालिकाका ६ वटै वडा स्तरीय भेलावाट प्राथमिकताक्रम सहित सिफारिस भई आएका आयोजना तथा कार्यकमहरुलाई उपलव्ध हुन सक्ने श्रोत साधनको परिधि भित्र रही बार्षिक कार्यक्रममा समावेश गरिने छ ।
४, बजेट निर्माण को मुख्य लक्ष्य गरिवी न्यूनीकरण भएकोले बजेट तर्जुमा गर्दा सुशासन, जनताको सेवा सुविधा, दिगो विकास, गुणस्तरीय र वातावरण मैत्री स्थानीय पूर्वाधार विकास, आर्थिक अवसरमा वृद्धि, विकासमा जनताको सहज पहुँच स्थापित गर्ने र सामाजिक समावेशीकरणमा जोड दिइएको छ ।
५, गाउँपालिकाको सन्तुलित विकास गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिका आधारमा जनसहभागिता तथा लागत सहभागिता जुट्न सक्ने कार्यक्रमलाई प्राथमिकता दिईएको छ ।
६, पूर्वाधार विकासमा मात्र नभई सामाजिक र आर्थिक विकासका कार्यक्रमहरु एवं उपेक्षित उत्पीडीत र सामाजिक वन्चितीकरणमा परेका वर्गलाई उचित रुपमा सम्वोधन गर्ने प्रयास गरिएको छ ।

**अब म संक्षेपमा, विषयगत रुपमा आगामी आर्थिक बर्षमा संचालन गरिने क्षेत्रगत कार्यक्रमहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**
**१, सुशासन, पारदर्शिता, जवाफदेहीता, सूचनाको हक र गुणस्तरीय सेवा प्रवाह सम्बन्धी निति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**
**२, गाउँपालिकाको पार्श्वचित्र निर्माण, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**
**३, गाउँपालिकाको भौतिक पूर्वाधार विकास (सडक, पुल, खानेपानी, ढल तथा नाली निकास, विद्युतीकरण) सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**
**४, गाउँपालिकाको, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास तथा जनप्रतिनिधि, कर्मचारी, सहकारी र उपभोक्ताहरुको शसक्तिकरण तथा क्षमता विकासका लागी विभिन्न कार्यक्रमहरुः**
**५, स्वास्थ्य सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**
**कोरोना भाइरस ( कोभिड – १९ ) रोकथाम, उपचार र नियन्त्रण, घरघरमा स्वास्थ्य अभियान, प्रयोगशाला स्थापना र सञ्चालन तथा आधारभुत स्वास्थ्य सेवा निशुल्क ।**
**६, गाउँपालिकाको राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**

---

**७, महिला, बालबालिका, ज्येष्ठ नागरिक, मधेसी, मुस्लीम, आदिबासी जनजाति एवं अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत तथा अल्पसंख्यकहरुको सामाजिक सुरक्षा सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**

**८, बन, बातावरण संरक्षण, फोहरमैला व्यवस्थापन र विपद व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**

**९, कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी, रोजगारी र उद्यमशीलता विकास सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**

**१०, शिक्षा, शैक्षिक व्यवस्थापन, खेलकुद र धर्म संस्कृति, कला,साहित्य संरक्षण सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरु, घरघरमा एस.इ.इ समेतः**

**११, प्रभावकारी कानुनी व्यवस्था र नागरिकको सुरक्षा सम्बन्धी नीति कार्यान्वयनका विभिन्न कार्यक्रमहरुः**

**१२.अब्यवस्थित तथा जोखिमयुक्त बस्तीलाई ब्यवस्थित रुपमा ब्यबस्थापन गर्न अव्यवस्थित बसोवास व्यवस्थापन सम्बन्धी कार्यविधि तत्काल लागु गरिनेछ ।**

**१३ सडक गुरुयोजना निर्माण, भुसंरक्षण, वतावरण संरक्षण तथा कृषि ब्यावसाय प्रवर्दन जस्ता क्षेत्रगत नीती तथा योजना निर्माण सम्वन्धी कार्यक्रमहरु ।**

**१४ स्थानीय तहको एकल अधिाकारका कार्यसुचि कार्यान्वयनका लागी निर्माण गर्न वाकी कानुन निर्माण तथा कार्यान्वयन गरी स्थानीय स्वसासनको प्रवर्दन गर्ने कार्यक्रमहरु ।**

यस नीति, बजेट तथा कार्यक्रम मार्फत आम जनताको गुणस्तरीय जीवनमा वृद्धि गरी, गरीवि न्यूनीकरण तथा बेरोजगारी घटाई असमानता र विभेदको अन्त्य मार्फत आम जनतामा परिवर्तनको अनूभूती दिलाउने  लक्ष्य निर्धारण गरीएको छ भने निम्नानुसारका उद्देश्य तय गरेको छु ।

उद्देश्य

१. सडक तथा यातायातको विस्तार गर्ने ।

२. भौतिक पूर्वाधारमा जोड दिने ।

३. पर्यटन विकासमा जोड दिने ।

४. शिक्षा र स्वास्थ्य सुविधाको प्रत्याभूति गर्ने ।

५. स्थानीय उत्पादन मार्फत आत्मनिर्भरता र रोजगारी जोड दिने ।

६. शिघ्र र सुशासनयूक्त सेवा प्रवाहामा जोड दिने ।

७. आय आर्जन, सिपमुलक र क्षमता अभिवृद्धि तालिममा जोड दिने ।

८. कृषिमा आधुनिकीकरण र व्यावसायीकरण मार्फत रोजगारी र उद्यमशिलतामा जोड दिईनेछ ।

## ३.३ अपेक्षित उपलब्धी

१. गाउँ गाउँमा सिंहदरबार र घर घरमा  डुडुवा सरकारको अवधारणालाई कार्यान्वयन गर्ने ।

२ महामारी नियन्त्रण गरी यसका बहुआयामीक असरहरु कम गर्ने र जनजीवन सामान्य बनाउने ।

२. विकास निर्माण र सेवाप्रवाहलाई सिघ्र, सेवाग्राही मैत्री र सुशासनयुक्त हुने ।

३. पारदर्शिता र जवाफदेहीताको प्रर्वद्धन हुने ।

४. विकास, सम्मृद्दि र सुसासन, डुडुवा गाउँपालिकाको अभियान भन्ने मुल नीति कार्यान्वयन हुने ।

५. नीति कार्यक्रम र बजेटका लक्ष्य र उद्देश्य तथा योजना तथा परियोजनाहरुको कार्यान्वयनमार्फत जनताको जनजीवीका सहज र सरल बनाउने तथा आम जनताका विकासका आकांक्षाहरु क्रमश पुरा हुने ।

## ३.४ महत्वपुर्ण नीती, तथा कार्यक्रमहरु

१. यस गाउँपालिकाका १ देखि ६ नं. का वडाहरुमा क्रमशः सडक विस्तार र स्तरोन्नती गरिने छ ।

२. पन्ध्र शैया अस्पताल निर्माण र अन्य स्वास्थ्य चौकीको स्वास्थ्य सेवा विस्तार गरिने छ ।

३. सबै टोल वस्तीहरुमा फोहर मैला व्यवस्थापन गरी प्लास्टिकजन्य फोहर मैलालाई समेत व्यवस्थापन गरिने छ ।

४. तरकारी खेती, ब्यावसायीक पशुपालन र लघु उद्योगमा जोड दिइने छ ।

५. सबै वडाका प्राकृतिक तथा धार्मिक स्थानलाई संरक्षण गरी पर्यटन विकासमा जोड दिईने छ ।

६. गैसस, प्रदेश र संघिय कार्यालय , सहकारी र सामुदायिक वनको साझेदारीमा आयआर्जन मुलक तालिम र लघुउद्यम विकासमा जोड दिइने छ ।

७. महिला लक्षित कार्यक्रमहरु संचालन गरिने छ र महिलाको कार्यबोझ कम गर्न महिला ससक्तीकरणमा जोड गरिने छ ।

८. गुणस्तरीय शिक्षामा जोड दिईने छ । प्राविधिक र व्यावसायिक विद्यालयको स्थापना मार्फत डुडुवा गाउँवासीको रोजगारीमा वृद्धि गरिने छ ।

९. यस गाउँपालिकामा अध्ययनरत प्राविधिक जन शक्तिको ज्ञानको उपयोगको लागि गाउँपालिकाको कार्यक्रममा सहयोग पुग्ने गरि OJT तथा स्वयंसेवक तथा कर्मचारी परिचालन गरी घरघरमा सेवा प्रवाह गरीनेछ ।

१०. आवधिक योजना, क्षेत्रगत योजना, रणनीतिक योजना र गुरु योजना निर्माण मार्फत गाउँपालिकाको समग्र विकासमा जोड दिईने छ ।

११. वालमैत्री तथा अशक्त मैत्री गाउँपालिका, वातावरण मैत्री गाउँपालिका, धुँवा रहित गाउँपालिका, पूर्ण खोप यूक्त गाउँपालिका, पूर्ण साक्षर गाउँपालिका र खुल्ला दिशा मुक्त गाउँपालिका जस्ता अभियानलाई दिगो र स्थायी बनाउने क्रियाकलाप क्रमश संचालन गरिने छ ।

१२. सडक निर्माण गर्दा वृक्षारोपण गर्ने नीति लागु गरिने छ र भुकम्प प्रतिरोधी घर निर्माणको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

१३. सार्वजनिक सुनुवाई विद्युतीय शासन, सामाजिक परिक्षण र सुचना प्रविधिको प्रयोग तथा सुसासन ऐन र सूचनाको हकको पुर्ण कार्यान्वयन मार्फत सुशासन प्रवर्द्धनमा जोड दिईने छ ।

१४. साझेदारी मार्फत कृषि उत्पादन, पशु तथा ब्यावसायीक खेति प्रवर्दन उत्पादन र जोड दिईने छ ।

१५. सार्वजनिक नीजि साझेदारी नीति अनुरुप विकास निर्माण गर्दा नीजि क्षेत्र संग सहकार्य गरिने छ ।

१६. गाउँ गाउँमा सिंहदरबारको अवधारणालाई मूर्तरुप दिन घरघरमा वृद्ध भत्ता वितरण र टोल टोलमा घुम्ती सिविर संचालन गर्न जोड दिईने छ ।

१७. खानेपानीबाट बञ्चित बस्तीहरुमा स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने नीति लिईने छ ।

१८. लैगीक विभेद तथा जातीय छुवाछुत हटाउन विषेश खालका कार्यक्रम संचालन गरिनेछ ।

१९. लक्षित समुहको सशक्तिकरण अर्न्तगत महिला, वालबालिका, दलित, अल्पसंख्यक, असक्त, एकल महिला, जेष्ठ नागरीक र पिछडिएको वर्गको लागि विशेष कार्यक्रम संचालन गरिने छ

२०. बाढी पहिरोको र डुवानका उच्च जोखिममा रहेको वस्तीहरुमा तटबन्धनको व्यवस्था गरिनेछ ।

२१. यस गाउँपालिका अर्न्तगत सम्पूर्ण होटल व्यवसायी र पसलहरु तथा सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्धता गरी संचालन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

२२. प्रत्येक वडामा रहेका प्रचलित धार्मिक स्थल, पर्यटकिय स्थल पहिचान गरी व्यवस्थीत गर्ने ।

२३. "गैसस संचालन तथा परिचालन कार्यविधि" मार्फत गैससको परीचालन, समन्वय र नियमन गरिनेछ ।

२४. सहकारी, शिक्षा, स्वास्थ्य लगायतका स्थानीय सरकारका कार्यसूचिको व्यवस्थित कार्यान्वयन गर्न ऐन, नियम कार्यविधि र मापदण्ड निर्माण गरी अधिकारहरुको कार्यान्वयन गरिनेछ ।

२५. गाउँपालिकामा ग्राम उद्योग स्थापनाको लागि आवश्यक सम्भावना अध्ययन गरी उद्योग स्थापनाको लागी पहल गरिनेछ ।

२६. यस गाउँपालिकामा सम्भावित स्थल हेरेर हेलीप्याड निर्माण र संचालनका लागि केन्द्र सरकार सँग अनुमतिको लागि पहल गरिनेछ ।

२७. कृषि उत्पादनलाई व्यावसायमुलक बनाउन निश्चित बजेट विनियोजन गरी प्रदेश सरकारको समेत सहभागितामा कृषि क्षेत्रमा क्रियाशिल, सहकारी समुह सँग साझेदारी गरी कृषि उत्पादनलाई वृद्धि गर्न जोड दिइने छ । एक गाउँ एक उत्पादनमा जोड दिईनेछ ।

२८. अन्तर गाउँपालिका जोड्ने सडक निर्माणका लागि प्राथमिकता तोकी प्रदेश र संघिय सरकारसँग आवश्यक बजेट माग गरिनेछ ।

२९ गाउँपालिकाको र वडाको प्रशासनिक भवन निर्माणमा जोड दिईनेछ ।

३० उपयुक्त स्थानमा एक रंगशाला र एक १५ शैय्या अस्पतालको निर्माणको लागी आवश्यक जग्गा ब्यवस्थापन र डिपीआर गरी प्रदेश र केन्द्र सरकारसँग आवश्यक वजेटको ब्ववस्थापनको लागी पहल गरीनेछ ।

३२ सिमा सुरक्षा तथा नागरीक सुरक्षाको लागी तथा सिमानामा हुने तस्करी तथा अवैध चोरी निकासीलाई सुरक्षा निकाय, प्रदेश सरकार र संघिय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरीनेछ ।

३३.अब्यवस्थित तथा जोखिमयुक्त बस्तीलाई ब्यवस्थित रुपमा ब्यबस्थापन गर्न अव्यवस्थित बसोवास व्यवस्थापन सम्बन्धी कार्यविधि तत्काल लागु गरिनेछ ।

३४ आगामी आर्थिक वर्षमा संभाब्यता  अध्ययन गरी अन्य स्थानीय तहसँगको समेत लगानी साझेदारीमा डुडुवामा  एक एफ. एम. संचालन गर्न पहल गरीनेछ ।

३५ सिपमुलक तथा ब्यावसायीक तालिममार्फत सीपयुक्त तथा दक्ष जनशक्ती निर्माणमा जोड दिईनेछ ।

३६ महामारीको यस संकटकालिन अवस्थामा  सार्वजनीक विद्यालयमा वैकल्पीक तथा दुर शिक्षाका माध्यमबाट सिकाई क्रियाकलाप अगाडी बढाईनेछ ।

३७ बालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चिता र बाल विवाह न्युनीकरणको लागी कन्या मुद्दती शिक्षा योजनालाई थप प्रभावकारी र सहभागीतामा वृद्दि गरिनेछ ।

३८ यस गाउँपालिकाको वडा नं २ को कैरातीपुरवामा    १ मेट्रीक टन प्रति घन्टा क्षमताको विउ प्रशोधन केन्द्र निर्माणमार्फत आम कृषकहरुको विउ संकलन, प्रसोधन र भन्डारण गरी विउमा आत्मनिर्भता र ब्यावसायीकरणको मार्फत किसानहरुको रोजगारी र आयआर्जनमा वृद्दि गरीनेछ ।

३९ टेपरी नजीक डुडुवा नालामा करीव १२० लम्वाई भएको ट्रस पुलको विस्तृत सर्वे गरी तथा गाउँपालिकाको आर्थिक केन्द्र वनकटी सम्म जोड्ने मुख्य सडकको पिच गर्ने कार्य प्रदेश र संघीय सरकार समेतको संयुक्त साझेदारी निर्माण कार्य सम्पन्न गरी आम जनतामा यातायातको सुविधाको प्रत्याभुती गरीनेछ ।

अव म आयोजना प्राथमिकीकरणका  निम्न आधारहरु तपाँईहरु समक्ष पेश गर्न चाहान्छु ।

१. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने ।
२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न  सकिने ।
३. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
४. स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने ।

५. जनताको जीवन स्तर, आम्दानी र रोजगारी बढ्ने ।
६. महिला, बालवालिका, दलित तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
७. लैङ्गिक समानता र सामाजिक समावेसीकरण अभिवृद्धि हुने ।
८. दिगो विकास, वातावरणी संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने ।
९. आर्थिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने ।
१०. सडक विस्तारमा जोड दिने ।
११. अन्तर स्थानीय साझेदारी मार्फत विद्युतीकरण तथा अन्य विकास निर्माणमा साझेदारीताको विस्तार गर्ने ।
१२. पर्यटन विकासमा जोड दिने ।
१३. वैकल्पिक उर्जामा लगानी गर्ने ।
१४. शिक्षा तथा स्वास्थ्यमा लगानी गर्ने ।
१५. जडिबुटी तथा घरेलु उद्योगमा लगानी गर्ने ।
१६. बेरोजगार न्यूनिकरणका लागि सशक्तिकरणमा जोड दिने ।
१७. दलित, अल्पसंख्यक लगायतका लक्षित वर्गको उत्थानमा जोड दिने ।
१८ महामारी नियन्त्रण गर्ने ।

## आदरणीय उपस्थित महानुभावहरु

अन्तमा, आफनो अमूल्य समय दिई सातौं गाउँसभामा उपस्थित हुनु भएका सवै सदस्यज्यूहरु तथा हाम्रो गाउँ सभालाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग गर्नु हुने पदाधिकारी, प्रमुख प्रशासकिय अधिकृत, कर्मचारीहरु, कानूनी सल्लाहकार लगायत सम्पूर्ण महानुभावहरुलाई म डुडुवा गाउँपालिकाको तर्फबाट पुनः विषेश धन्यबाद र आभार व्यक्त गर्न चाहन्छु ।

गाउँ कार्यपालिकाको बैठकमा नियमित रुपमा उपस्थित भई नेपाल सरकारको मार्ग दर्शन अनुसार गाउँ विकास योजना तर्जुमा, नीति तथा कार्यक्रम, बजेट, विधेयकहरुको मस्यौदा र कार्यविधिहरु तयार गर्न महत्वपूर्ण योगदान गर्नुहुने विषयगत समितिका संयोवक एवं सदस्य सहित गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, वडाध्यक्ष ज्यूहरु, अन्य सम्पूर्ण पदाधिकारी, तथा गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण डुडुवा गाउँपालिकाबासीमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा,अहिले हामि सबै कोरोना कहरका बीच अत्यन्तै जटिल परिस्थितिबाट गुज्रिरहेका छौं । यसबाट बच्ने उपाय भनेको मानिस मानिस बिचको कम्तिमा २ मिटरको दुरी , साबुन पानीले बेलाबेलामा हात धुने र मास्क लगाउने नै हो । यसका साथै हामीले आत्मविश्वास र आत्म संयमता अपनाउन पनि जरुरि छ । संसारका महाशक्ति राष्ट्रहरु पनि कोरोना भाइरसका अगाडी निरिह सावित भैरहेको अवस्थामा हामीले

आफ्नो सिमित साधन, श्रोत, ज्ञान सीप र अनुभवबाट यसलाइ निस्तेज पार्ने प्रयासमा जेजति गरिरहेका छौं यसलाई आगामी दिनमा अझैं प्रभावकारी बनाउने दिशामा हामि अगाडी बढ्ने छौं । डुडुवा गाउँपालिकाको विकासका लागी कोशेढुंगा सावित हुने यस गरिमामय सातौं गाउँ सभामा प्रस्तुत निति तथा कार्यक्रम र बजेटमा रचनात्मक राय सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गरि यसलाई सफल र परिणाममूखि बनाउन सबै सदस्यज्युहरुको आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा एवं विश्वास लिएको छु । गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनुहुने सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र गाउँ सभाको व्यवस्थित सञ्चालन र व्यवस्थापनमा आ-आफ्नो स्थानबाट प्रत्यक्ष तथा परोक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, वुद्दिजिवी,नागरीक समाज,सुरक्षाकर्मीहरु, निजी क्षेत्र र पत्रकार तथा सवै सवैलाई धन्यबाद दिँदै उपस्थित सवै महानुभावप्रति पुनः हार्दिक धन्यबाद सहित आभार प्रकट गर्दै विदा हुने अनुमति चाहन्छु । धन्यवाद ॥ जय नेपाल ॥।

नरेन्द्र कुमार चौधरी
गाउँपालिका, अध्यक्ष
एवं
सातौँ गाउँ सभा – अध्यक्ष
डुडुवा गाउँपालिका, बनकट्टी - बाँके
मिति: २०७७ असार १० गते